भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
फुसेटार, तनहुँ

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फुसेटार, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

**भानु नगरपालिकाको क्षेत्राधिकार भित्रको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) संकलन, उपयोग र बिक्री वितरणका लागि विधुतिय र गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना**

(तेस्रो पटक प्रकाशित मिति २०८२/१०/१४)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम भानु नगरपालिकाको आ.व. २०८२/८३ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट तथा मर्स्याङ्दी नदीको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनको क्षेत्र निर्धारण प्रतिवेदनमा उल्लेखित क्षेत्रहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, बालुवा, ग्राभेल संकलन तथा बिक्री शुल्कको ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तपसिल बमोजिम तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

तपशिल :-

भानु नगरपालिकाको क्षेत्राधिकार भित्र मर्स्याङ्दी नदी अन्तर्गत रहेका घाटहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) संकलन, उपयोग र बिक्री वितरण सम्बन्धित विस्तृत विवरण।

| क्र. स. | ठेक्का नं. | घाटको विवरण | आ.व. २०८२/८३ मा बिक्रीका लागि तोकिएको अधिकतम परिमाण (घ. मी.) | आ.व. २०८२/८३ मा बिक्रीका लागि तोकिएको न्युनतम् (मू.अ.क. बाहेक) रु | बोलपत्र फारम दस्तुर रु |
|---|---|---|---|---|---|
| १ | BHMUN/GHAT/2082/83/01 | बालुवा घाट, भानु १ | १८,००० | ४८,९४,६५९।०० | ३०००।०० |
| २ | BHMUN/GHAT/2082/83/06 | ढुकुर्दी घाट, भानु ३ | २,९२५ | ७,९५,३८२।०९ | १५००।०० |
| ३ | BHMUN/GHAT/2082/83/09 | लखु ढुंगा घाट, भानु ९ र १० | १,४०० | ३,८०,६९५।७० | १५००।०० |
| ४ | BHMUN/GHAT/2082/83/10 | रयाले घाट, भानु १० | २,५८७ | ७,०३,४७१।२७ | १५००।०० |

- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदी) बिक्री दरः प्रति क्यू.फिट (कर बाहेक) रु ७।७० (सात रुपयाँ सत्तरी पैसा)

१। बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी सूचनाको मितिले १४ औं दिन २०८२/१०/२७ गते कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. E- Bidding को लागि बोलपत्र फारम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत प्यान दर्ता प्रमाण पत्र तथा फर्मको हकमा अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी सूचनाको मितिले १५ औं दिन २०८२/१०/२८ गते दिनको १२ बजे भित्र E-bidding मार्फत www.bolpatra.gov.np बाट Bid document Download गर्न सकिनेछ।
ग्लोबल आई एम ई बैंक लि. डुम्रे शाखामा रहेको ग १.१ आन्तरिक राजश्व खाता भानुको खाता नं. ११९०४०१०००००९, राजश्व शीर्षक नं. १४२२९ मा बोलपत्र दस्तुर जम्मा गरी बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. बुँदा नं. १ र २ बमोजिम खरिद गरिएका बोलपत्र फारमहरु रितपूर्वक भरि सूचनाको मितिले १५ औं दिन २०८२/१०/२८ गते दिनको १२ बजे भित्र क्रमश कार्यालयमा र E-submission गर्नुपर्नेछ ।पेश भएका बोलपत्रहरु सोही दिनको १ बजे कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । E-submission मार्फत बोलपत्र पेश गर्दा बुँदा नं. २ मा उल्लेख भएका कागजात, बैक जमानत, बोलपत्र दस्तुर, Bid Response document PDF Format मा पेश गर्नुपर्नेछ ।

४. बोलपत्रको मान्य अवधी कम्तीमा ९० दिनको हुनेछ ।

५. धरौटी रकमः www.bolpatra.gov.np मा आ.व. २०८२/८३ का लागि कायम न्यूनतम अंकको ५% रकम तोकिएको भए तापनि बोलपत्र पेश गर्दा आफूले कबोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशत ले हुन आउने धरौटी रकम यस कार्यालयको कार्यालयको ग्लोबल बैंक लि., डुम्रे शाखामा रहेको धरौटी खाता नं ग ३ ११९०४०१००००००४ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानत पत्र (Bid security) अनिवार्य रुपले बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

सुरज श्रेष्ठ
...सकीय अधिकृत

६. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

७. बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अकंको ५० (पचास) प्रतिशत रकम (मु. अ. कर समेत) नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको प्रत्येक किस्ता रकम (मु.अ.कर बापतको रकम समेतको) छुट्टा छुट्टै कार्यसम्पादन जमानत पत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।

८. ठेकेदारले सम्झौतामा तोकीएको विषय क्षेत्रमा तोकिएको दर रेटमा मात्र शुल्क असुल गर्न पाउनेछ । संकलन तथा बिक्री शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ ।

९. यस सूचनामा उल्लेखित खोला/नदीका अलवा नयाँ क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२/१०/२० को निर्णय बमोजिम नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरुको लागि प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धित आयोजनाबाट बिक्री मूल्य असुल गर्नेछ।

१०. IEE मा उल्लेखित परिमाण र समयमा बाहेक नदीजन्य पदार्थ उत्खनन् तथा विक्री वितरण गर्न यस नगरपालिकाबाट स्विकृती पाएको ठेकेदारले बाहेक अन्य व्यक्ती/फर्म/कम्पनी/संस्थाले नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाइने छैन। अनधिकृत उत्खनन् तथा संकलन गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

११. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न भानु नगर कार्यपालिकाले निर्णय गर्नेछ।

१२. संकलन तथा बिक्री शुल्क उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । साथै, ठेक्का रकमको मु.अ.कर बाहेक प्रचलित कानुन बमोजिम तिर्नुपर्ने अन्य सम्पूर्ण करहरु ठेकेदार स्वंयमले बुझाउनु पर्नेछ ।

१३. रोडा, ढुंङ्गा, बालुवा, ग्राभेल बिक्री ठेक्कामा रोडा, ढुंङ्गा, बालुवा, ग्राभेल निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरी निकाल्न पाइने छैन। साथै, खोला/नदीमा पर्ने पुलको तल १००० मिटर तथा पुल माथि कम्तिमा ५०० मिटर छाडेर प्रतिवेदनमा तोकीएको स्थानहरुबाट मात्र रोडा, ढुंङ्गा, बालुवा, ग्राभेल निकाल्नु पर्नेछ।

१४. वार्षिक परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदिको कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति पाइने छैन ।

१५. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

१६. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले उत्खनन गरेका ढुंङ्गा, गिट्टि, बालुवा, ग्राभेल सो क्षेत्रबाट उठाइसक्नु पर्नेछ ।

१७. नदी प्रवाहको दिशा परिवर्तन हुने गरी ढुंङ्गा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन गर्न पाइने छैन ।

१८. प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन गर्नुपर्नेछ।

१९. पानीले पखालेको चिसो बालुवा पानी चुहाउदै कालोपत्रे सडकमा ढुवानी गर्न गराउन पाइने छैन । साथै ढुंङ्गा, गिट्टि, बालुवा, ग्राभेल ढुवानी गर्दा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ । साथै बालुवा धुँदा निस्कीएको धमिलो पानी सिधै नदीमा मिसाउन पाईने छैन ।

२०. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

२१. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ।

२२. यसमा उल्लेख नभएका अन्य कुराहरु ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९, भानु नगरपालिकाको नदिजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन ओसारपोसार विक्रि वितरण तथा प्रशोधन उद्योग संचालन गर्ने कार्यविधि २०७५, र अन्य प्रचलित कानून बमोजिम हुनेछ। साथै सम्झौता गर्दाका बखत यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग मानिनेछ ।

२३. नगरपालिकाको कार्यालयबाट प्रमाणित गरी जारी गर्न बाँकी रसिदहरु अनिवार्य रुपमा नगरपालिकामा फिर्ता गर्नुपर्नेछ। साथै ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड (संशोधन सहित २०७९) को अनुसूची-४ (क) बमोजिम अभिलेख प्रमाणित गराई राख्नुपर्ने छ।

२४. ठेक्का अवधि २०८३ जेठ मसान्तसम्म कायम रहनेछ ।

२५. अन्य विस्तृत जानकारीका लागी यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधि